# पागल कवितामा सीमान्तीय आवाज

**अनिल अधिकारी[१] तथा रेखा रेग्मी[२]**

[१]प्रधान लेखक

उपप्राध्यापक

नेपाली विभाग

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, त्रिभुवन विश्वविद्यालय, नेपाल

✉ aniladhikaribhojpur@gmail.com

[२]सहायक लेखक

उपप्राध्यापक

नेपाली विभाग

म्याग्दी बहुमुखी क्याम्पस, बेनी, त्रिभुवन विश्वविद्यालय, नेपाल

✉ rekharpaudel@gmail.com

**https://doi.org/10.3126/dristikon.v14i1.66060**

## लेखसार

प्रस्तुत लेख पागल कवितामा अभिव्यञ्जित सीमान्तीय आवाज र त्यसको समाधानका प्रतिरोध, प्रभुत्व र सत्तासम्बन्ध तथा प्रतिरोध प्रस्तुतिको प्रयोजनजस्ता विषयगत शोध्यप्रश्नका आधारमा समस्यासमाधान केन्द्रित छ । गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषण ढाँचामा तयार हुने यस लेखमा विश्लेषणात्मक विधि तथा बेलायती सांस्कृतिक अध्ययन सैद्धान्तिक आधार हो । नेपाली समाजमा विद्यमान सामन्तवादी व्यवस्था तथा सत्ताबाट शक्तिप्राप्त गर्ने मानसिकता बोकेका बुद्धिजीवीले निर्माण र प्रसार गर्ने ज्ञानमा रहेको विभेदकारी परिस्थिति पागल कवितामा अभिव्यक्त भएको छ । प्रस्तुत कवितामा असमान र विभेदकारी सामाजिक संरचनामा सत्ताले अख्तियार गरेको हिंसा, शोषण र विभेदको नीति तथा त्यसबाट किनाराका समुदायमाथि सिर्जना गर्ने दमनकारी प्रभुत्वको प्रस्तुति भएको छ । सत्ताको दमनकारी नीतिका कारण संत्रस्त बनेको सीमान्त समुदायको सत्तासँगको सम्बन्ध द्वन्द्वात्मक रहेको विषय प्रस्तुत भएको छ । यस कवितामा सत्ता र यसले उत्पादन गरेको ज्ञानको वैधानिकतालाई पुष्टि गर्नका लागि दमनको नीतिलाई उपयुक्त ठहऱ्याउने विचारधारात्मक संस्कृतिको विभेदकारी प्रतिनिधित्वको प्रक्रियालाई अवैधानिक र मानवविरोधी ठान्ने प्रतिरोधको प्रस्तुति भएको छ । सत्ताले अधिनस्थमाथि कानुनी र विचारधारात्मक एकाइको उपस्थितिमा दमनकारी भाष्यको निर्माण गरी किनारीकृतका आवाजलाई दमन गर्ने सामाजिक संरचनाको भाष्यप्रति खबरदारी गर्दै सीमान्तको आवाज बुद्धिजीवीले गर्ने तथा बुद्धिजीवी सदैव सत्ताविरोधी रहने अन्तर्वस्तु पागल कविताले प्रस्तुत गरेको विषयमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : प्रतिरोध, प्रभुत्व, सत्तासम्बन्ध, सीमान्तीय आवाज

## विषयप्रवेश

प्रस्तुत लेख "पागल"कवितामा अभिव्यञ्जित सीमान्तीय आवाजको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत कविता प्रथमतः *प्रगति* वर्ष-१(३), २०१० सालमा प्रथमपटक प्रकाशित भएको कविता हो । नेपालीभाषा र साहित्यको अध्ययन-अध्यापन गर्ने प्रयोजनका लागि निर्माण भएका पाठ्यक्रम परिपूतिका लागि निर्माण भएका पुस्तक र सन्दर्भ सामग्रीमा पटकपटक प्रकाशित प्रस्तुत कविता *लक्ष्मी कविता सङ्ग्रह* (२०३९)मा प्रकाशित छ । यस कविताका स्रष्टा नेपाली साहित्यलाई विकशित तुल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने लक्ष्मीप्रसाद देवकोटा ( १९६६-२०१६) हुन् । विशेषतः १९९१ सालमा "पूर्णिमाको जलधि" शीर्षकको कविता प्रकाशन गरी औपचारिक साहित्यकारको भूमिकामा आएका देवकोटाका *भिखारी* (२०१०), *जन्मोत्सव र मुटुका थोपा* (२०१५), *नवरस* ( २०३६), *लक्ष्मी कविता सङ्ग्रह* (२०३९), *लक्ष्मी गीत सङ्ग्रह* (२०४१) प्रमुख प्रकाशित कविता सङ्ग्रह हुन् । स्रष्टा देवकोटाका कवितामा प्रस्तुत अन्तर्वस्तु स्वच्छन्दतावादी भावधाराभित्र प्रगतिवादी चेतनाका साथै व्यङ्ग्यविद्रोहका अभिव्यञ्जना भएको "पागल"कविता कविता रचना सन्दर्भगत समयमा नेपाली समाजमा रहेका वेथिति, शोषण, दमन र उत्पीडन विरुद्ध सशक्त आवाज प्रस्तुत भएको कविता हो । समाजमा उत्पीडनमा परेका र पारिएका समुदायको प्रतिनिधि आवाज अभिव्यक्त भएको प्रस्तुत कविताका विषयमा भएका पूर्वाध्यायनको समीक्षा गरी यस लेखले उठान गरेका समस्याका लागि रिक्तता स्थापित गर्नु उपयुक्त ठहर्दछ ।

प्रस्तुत "पागल" कविताको विश्लेषण, मूल्याङ्कन र यसले प्रतिबिम्बन गरेको सामाज र त्यसभित्रका बेथिति र विद्रोहका सम्बन्धमा पर्याप्त अध्ययन भएका छन् । यस लेखमा यस कविताका सम्बन्धमा भएका प्रतिनिधि पूर्वकार्यको मात्र समीक्षा भएको छ । चूडामणि बन्धु (२०३६) को *देवकोटा* शीर्षक पुस्तकले "पागल"कवित ापूर्वीय र पाश्चात्य दर्शनलाई देवकोटीय दर्शनमा अन्तर्मिश्रण गरी सन्तुलित र सम्यक् विचार प्रवाह गर्न सक्षम रचनाका रूपमा विश्लेषण गरेको छ । रत्नध्वज जोशी (२०३९) को *नेपाली साहित्यको झलक* शीर्षकको पुस्तकमा राजनीतिक, सामाजिक, सांस्कृतिक र विचारात्मक परिवर्तनको पक्षधरतामाथि आक्रमण गर्ने रूढिग्रस्त सोच र उत्पीडन विरुद्ध प्रतिकार चेत अभिव्यक्त भएको कविताका रूपमा सङ्क्षिप्त विवेचना भएको छ । कुमारबहादुर जोशी (२०४८) को *देवकोटाका कविता कृतिको कालक्रमिक विवेचना* शीर्षक पुस्तकमा सामाजिक विषयलाई वैयक्तीकरण गरी समाजमा रहेका विभेद र त्यसप्रतिको व्यङ्ग्य प्रकट भएको रचनाका रूपमा संश्लेषित दृष्टिकोण प्रस्तुत भएको छ । वासुदेव त्रिपाठी र अन्य (२०४६) को *नेपाली कविता* भाग ४ शीर्षक पुस्तकमा "पागल" कविता सामाजिक र सांस्कृतिक शोषणविरुद्ध न्यायपक्षधरता र मान्छेका स्वतन्त्रता, समानता र न्याय स्थापनाका लागि विभेद, अन्याय र शोषणबाट सृजित विश्मयकारी परिवेशको प्रतिकारपूर्ण भाव प्रस्तुति भएको कृतिका रूपमा ि वश्लेषण गरेको छ । कृष्ण गौतम (२०६७) को *उत्तरआधुनिक संवाद* शीर्षक पुस्तकले "पागल कवितालाई परम्परागत ज्ञानको विसङ्घटन शासक-शासित सत्तासम्बन्धको पुरातन ज्ञान र त्यससम्बन्धी भाष्यको भञ्जन गर्ने रचनाका रूपमा मूल्याङ्कन गरेको छ । रेखा रेग्मी (२०८०) को "पागल कवितामा रसविधान" शीर्षक लेखले समाजमा रहेका उत्पीडन र त्यससम्बन्धी भावलाई उद्दीप्त पर्ने प्रतिकार र व्यङ्ग्यको अभिव्यक्ति पाइने "पागल"कविता विश्मयकारी कथ्यलाई भाषिक संरचनादिने व्यञ्जनाधर्मी कृति रहेको निष्कर्ष प्रस्तुत गरेको छ । यस कविताका सम्बन्धमा भएका यी प्रतिनिधि पूर्वकार्यको अध्ययनका आधारमा प्रस्तुत कृति यथास्थितिवादी परम्परागत संस्कृतिका आधारमा मान्छेलाई उत्पीडित तुल्याउने समाज र यस विरुद्ध प्रतिकार एवम् व्यङ्ग्य भएको रचना रहेको कृतिगत पहिचान प्राप्त गर्न सकिन्छ । उपयुर्क्त पूर्वकार्यका आधारमा प्रस्तुत कविता सीमान्तको

आवाज अभिव्यञ्जित कृति रहेको पुष्टि हुन्छ । यस लेखमा उक्त रिक्तता पूर्ति बेलायती सांस्कृतिक अध्ययनअन्तर्गत सीमान्तीय आवाज र यसका प्रभुत्व र सत्तासम्बन्ध प्रतिरोध तथा प्रतिरोध प्रस्तुतिको प्रयोजनजस्ता प्रतिमानका आलोकमा गर्न सकिने रिक्तता प्राप्त हुन्छ ।

सीमान्तीय अध्ययन मार्क्सवादले सम्बोधन गर्न नसकेका वर्गइतरका सामाजिक समूह र तिनका प्रवर्गलाई वर्गबाट पृथक् गरी तिनको स्वतन्त्र प्रतिनिधित्व र पहिचानका आधारमा गर्नुपर्दछ भन्ने मान्यता हो । सीमान्तीयता समाजवर्गसँगै लिङ्ग, जाति, भूगोल तथा यस भित्रका विविध उपसमूहको प्रतिनिधित्वबाट निर्माण हुने संरचना रहेकाले यसप्रकारका सबै क्रियाशील समूहको पहिचानलाई मूलधारमा ल्याउनुपर्दछ भन्ने मान्यता हो । सीमान्तीय अध्ययन/आवाज साहित्यमा प्रस्तुत भाष्यका आधारमा कृतिको विश्लेषण गर्ने समालोचना पद्धति पनि हो । प्रस्तुत लेखमा "पागल" कवितालाई आधार सामग्रीका रूपमा लिई त्यसमा अभिव्यक्त सीमान्तीय आवाजको विश्लेषण तथा अर्थापन हुने भएकाले यसको प्राज्ञिक औचित्य तथा मत्त्व पनि स्थापित हुने देखिन्छ ।

**समस्याकथन**

प्रस्तुत लेखको मुख्य समस्या भन्नु नै पागल कवितामा सीमान्त आवाजको विश्लेषण र निरूपण नै हो । यस कविताले प्रतिबिम्बन गरेको युगचेत र किनाराका समुदायको प्रतिनिधि आवाजका रूपमा व्याख्येय रहेको आधारमा यसमा प्रस्तुत सीमान्त आवाजको विश्लेषणका लागि निम्नलिखित शोध्यप्रश्न निर्धारण भएका छन् :

क. पागल कवितामा प्रभुत्व र सत्तासम्बन्ध केकस्तो छ?

ख. पागल कवितामा प्रतिरोध कसरी प्रस्तुत भएको छ ?

ग. पागल कवितामा सीमान्त आवाज किन छ ?

प्रस्तुत लेख पागल कविताका सम्बन्धमा भएका पूर्वाध्यायनले समेट्न नसकेको सीमान्त आवाजको अभिव्यक्तिको प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ । यस लेखले "पागल" कविताको प्रतिनिधि अध्ययनका आधारमा लक्ष्मीप्रसाद देवकोटाका काव्यिक कृतिमा अभिव्यञ्जित सीमान्त आवाज विश्लेषणका माध्यमबाट भावी अध्येताका लागि मार्गनिर्देश गर्ने भएकाले यस लेखको प्राज्ञिक उद्देश्यको परिपूर्ति गरेको छ ।

## शोधसामग्री तथा अध्ययन विधि

प्रस्तुत लेखका लागि सामग्री सङ्कलन, विश्लेषण, सैद्धान्तिक आधार र अर्थापनको ढाँचासमेतलाई समेटी निम्नलिखित शोधविधि अवलम्बन भएको छ :

**सामग्री सङ्कलन र विश्लेषणविधि**

गुणात्मक अनुसन्धान पद्धति अवलम्बन हुने यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग भएको छ । यस लेखको प्राथमिक सामग्री लक्ष्मीप्रसाद देवकोटाको "पागल" कविता र यसमा अभिव्यञ्जित सीमान्तको आवाजको विश्लेषण गर्नका लागि सीमान्तीयताको सिद्धान्तका विषयमा विमर्श भएका सामग्री द्वितीयक शोधक्षेत्र हो । उपर्युक्त विषयका अतिरिक्त अन्य प्राथमिक र द्वितीयक स्रोतका सामग्री यस लेखको सीमाङ्कन हो । प्रस्तुत लेखमा यसमा पागल कविताको विश्लेषण सीमान्तीयताको सैद्धान्तिक आधारमा यो पाठ विश्लेषणकेन्द्री अध्ययन तथा विश्लेषणविधिको उपयोग गरी अर्थापनविधिको समेतका आधारमा यो लेख पूर्ण भएको छ ।

**सैद्धान्तिक आधार**

सीमान्त, सीमान्तीय, सीमान्तीयता शब्द र यसको राजनैतिक, सामाजिक, सांस्कृतिक र विचारधारात्मक पक्षको विकास इटालेली मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सीले गरेका हुन् । समकालीन राजनीतिक दर्शनले मार्क्सवादको पुनर्व्याख्या गरी सबाल्टर्न समूहको सांस्कृतिक राजनीतिको विवेचना गर्ने ग्राम्सी नवमार्क्सवाद र उत्तरमार्क्सवादमा संस्थापक हुन् भन्ने दाबी गरेको छ । सबाल्टर्न शब्दको नेपाली रूपान्तर सीमान्त हो भने यसले केन्द्र अर्थात् सत्ताभन्दा बाहिर परेका वा पारिएका समूहको सूचक हो । परम्परित इतिहास लेखन शासक र राज्यको न्यायिक र राजनैतिक विषय रहेको हुँदा राज्य र न्यायिक प्रक्रियाभन्दा पृथक् रहेका विचारधारा, नागरिक समाज र तिनीहरू बीचको औपचारिक सम्बन्ध भएका समुदाय नै सबाल्टर्न समूह हुन् (ग्राम्सी, २००६, पृ. १३) । समाजमा अस्तित्वमा रहेर पनि इतिहासले समेट्न नसकेका सामाजिक एकाइ, वर्ग, लिङ्ग, जाति, क्षेत्र, भाषा, स्थानीय संस्कृति एवम् समुदाय र तिनको इतिहाससँगको द्वन्द्वात्मक सम्बन्धको सूचक सीमान्तीयता हो । सीमान्तीयताको सम्बन्ध सामाजिक संरचनासँग सम्बन्धित ऐतिहासिक, वैचारिक र ज्ञानमीमांशीय आधारसँग सम्बन्धित विषय हो । सबाल्टर्न अध्ययन भनेको समाज, समाजविकासको ऐतिहासिकता उत्पीडित वर्ग र उसको मुक्तिका बारेमा अध्ययन, विश्लेषण र संश्लेषण गर्ने अर्थसित जोडिएको सन्दर्भका रूपमा परिभाषित गरेका छन् (बराल, २०७२, पृ. १७२) । सीमान्तीयताको अभिलक्षण भन्नु नै मार्क्सवादमा उल्लिखित वर्ग मात्र नभई जाति, लिङ्ग, यौनिकता, प्रजातीयतावा धर्मका कारणले निम्नतह र स्थानमा रहेको जुनसुकै व्यक्ति र समूहसम्म विस्तारित विषय हो (चापागाईं, २०७३, पृ. ७८) । सीमान्तीयताका विश्लेषकहरूले केन्द्रबाट इतिहास लेख्ने केन्द्रगामी लेखनपद्धतिका व्यतिरेकमा किनारीकृत समुदायको इतिहास लेखिनुपर्दछ भन्ने मान्यताका आधारमा विकास भएको हो ।

सीमान्तीयता इतिहास लेखनमा भएको विभेदकारी पद्धतिविरुद्ध स्थापित भएको मान्यता हो । सीमान्तीयता सदियौंदेखि इतिहासबाट विमुख, किनारीकृत वर्गको पहिचानसहितको इतिहास लेखिनुपर्छ भन्ने नारासहित सन् १९८२ देखि दक्षिण एसिया त्यसमा पनि विशेषतः भारतमा अभियानका रूपमा आएको हो (श्रेष्ठ, २०६८, पृ. २) । किनारीकृतको उपेक्षा मान्ने यस सिद्धान्तले सत्ता र किनारा बीचको राजनैतिक र सांस्कृतिक सम्बन्धलाई प्रभुत्व र सत्ता सम्बन्धका आधारमा पुनर्लेखन गर्ने अनुग्रह राख्दछ । पुभुत्व, प्रभुतावा सत्ताको विचारधारात्मक सम्बन्ध सीमान्तीयता निर्धारणका आधार हुन् (शर्मा, २०७०, पृ. ३१६) । सामाजिक संरचनामा सत्ता र अधीनस्थ समूह बीचको राजनैतिक, सांस्कृतिक र विचारधारात्मक सम्बन्ध प्रभुत्व हो । प्रभुत्व दबाबद्वारा अझ बढी सहमतिद्वारा आर्जन गरिने विषय हो भने यो विचार, अर्थ अभ्यासहरूमा प्रभुत्वलाई बुझ्न सकिन्छ (पाण्डेय, २०७३, पृ.६४) । सत्ताबाट बाहिर रहेका सीमान्तीयको मुक्ति र सत्तासम्म आफ्नो आवाज पुऱ्याउन नसक्ने बहुसङ्ख्यक राजनैतिक, सामाजिक, आर्थिक र अवसरजस्ता दृष्टिकोणबाट किनारीकृत भएका समूह र एकाइको आवाज सत्तासम्म पुऱ्याउनका लागि सचेत वा सत्तावा बुद्धिजीवी वर्गले नै भूमिका खेल्नुपर्दछ वा पुऱ्याउनु पर्दछ (स्पीभाक, सन् १९९४, पृ ७१) पाठमा प्रयुक्त भाषा र अन्य गैरभाषिक सङ्केतहरूले विशिष्ट सन्दर्भमा अर्थको उत्पादन गर्दछन् र त्यस अर्थले विभिन्न व्यक्ति, समुदाय, जाति, समूहको आवाजलाई सङ्केत गर्छ" (पाण्डेय, २०७०, पृ. १९२) । प्रस्तुत 'पागल' कविता विभेदकारी सत्ताले उत्पादन गरेको ज्ञानका कारण सीमान्त बनेका समूहको प्रभुत्वप्रति प्रतिरोध चेतना प्रस्तुत भएको रचना हो । यस लेखमा 'पागल' कवितामा अभिव्यक्त भएको सीमान्तीय आवाजको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

## परिणाम तथा छलफल

प्रस्तुत पागल नेपाली समाजव्यवस्थामा उत्पीडितको आवाज प्रस्तुत भएको कविता हो । यस कवितामा नेपाली समाजमा उपेक्षित भएका तथा केन्द्रीय विचारधाराका कारण उत्पीडनमा पीरिएका नागरिकको आवाज प्रस्तुत भएको छ । समाजको केन्द्रमा रहेको समुदायले आम नागरिकको मानमर्दन र दमनका लागि हिँसा र विभेद गर्ने संस्कृतिका विरुद्धमा सशक्त आवाज प्रस्तुत भएको पागल कविता रचना सन्दर्भगत अवधिमा परिवर्तनलाई आत्मसात गर्न नसक्ने रूढ मान्यताबाट ग्रस्त विषय केन्द्रीय कथ्यका रूपमा आएको छ । यस कवितामा अभिव्यञ्जित सीमान्त चेतना र यसको माध्यमका रूपमा आएका प्रभुत्व र सत्तासम्बन्ध, प्रतिरोध तथा सीमान्त आवाज प्रस्तुतिको प्रयोजनसम्बद्ध विषयको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

### कवितामा प्रभुत्व र सत्तासम्बन्ध

प्रस्तुत "पागल" कवितामा नेपाली समाजको वर्गीय चरित्र तथा सामन्तवादी विचारधारात्मक वर्चस्वका कारण किनारामा परेका समुदायको आवाज प्रस्तुत भएको छ । वर्चस्व/प्रभुत्व इटालेली चिन्तक एन्टोनियो ग्राम्सीको द प्रिजन नोटबुक पुस्तकको केन्द्रीय तथा समकालीन सांस्कृतिक अध्ययनलाई स्थापित गर्ने मुख्य विषय हो । प्रभुत्व अधिनस्थ वर्गमाथि दबाव र सहमतिका माध्यमबाट सामाजिक र सांस्कृतिक अधिकार स्थापित गर्ने माध्यम हो जुन समाज र संस्कृतिको लामो अभ्यासबाट निर्माण हुने गर्दछ (ग्राम्सी, १९७१, पृ. ३४२) । समाजको पूर्ण संरचना निर्माण गर्ने सामाजिक एकाइ र तिनीहरू बीच द्वन्द्वात्मक सम्बन्धको अध्ययन प्रभुत्वको मूलभूत विशेषता हो ।

सामाजिक संरचनाको तात्पर्य परस्परमा द्वन्द्वात्मक सम्बन्धभएकावर्ग, जाति, लिङ्ग वा सामाजिक समूह र तिनीहरू बीचको सत्तासम्बन्ध हो । समाजको शक्ति र प्रभावको संरचनाका आधारमा प्रतिपक्षी, किनारीकृत वा अधिनस्थहरूमाथि दमन गर्ने सामाजिक अभ्यास प्रभुत्व हो (विलियम्स, सन् १९५८, पृ. १८२) । समाजमा क्रियाशील सामाजिक समूह बीचको विचारधारात्मक सम्बन्ध केकसरी निर्माण र गतिशील छ ? भन्ने विषयका आधारमा प्रभुत्वको प्रक्रियानिर्माण र निर्धारण हुने गर्दछ । समाजमा विद्यमान वर्ग, जाति, लिङ्ग, राष्ट्रियताजस्ता सामाजिक समूह तथा यिनका बीचको राजनैतिक शक्तिसम्बन्ध र संरचना प्रभुत्व हो । प्रभुत्व भन्नु नै समाजमा दमनकारी शक्तिसम्बन्ध र संरचनालाई वैधता दिई अस्थायी रूपमा सत्ताले आधीन सामाजिक संरचनासँग गर्ने सम्झौता हो (बार्कर, सन् २००२, पृ. ५८) । मानव समाजका हरेक एकाइमा विस्तारित प्रभुत्व समाजमा सत्ताको स्वरूप र त्यसको विचारधारात्मक गतिशीलतासँग सम्बन्धित विषय हो । प्रभुत्व परम्परागत मार्क्सवादले सम्बोधन गर्न नसकेका र उत्तर दिन नसकेका प्रश्नको उत्तर दिने वातिनलाई सम्बोधन गर्ने ग्राम्सीले प्रतिपादन गरेको केन्द्रीय सिद्धान्त हो (पाण्डेय, २०७३, पृ., ६४) । प्रभुत्वको प्रक्रियामा अल्पसङ्ख्यक र बहुसङ्ख्यक सामाजिक समूहको शक्ति र त्यसले निर्माण गर्ने सत्ता अधीनस्थताको विषयलाई प्राथमिकतापूर्वक विश्लेषण गरिन्छ ।

सामाजिक समूहमा प्रत्यक्षतः शक्ति तथा यसको प्रभाव वितरण गर्ने विचारधारात्मक प्रणाली प्रभुत्वहो जसमा शक्ति र सत्तामा रहेको वर्ग र किनारमा रहेका समूह बीचको सत्तासम्बन्धमा केन्द्रित अध्ययन हुन्छ ( अब्राम्स, सन् १९९९, पृ. १५१) । समाजका सांस्कृतिक र विचारधारात्मक प्रक्रिया प्रभुत्वका अन्तर्यमा परस्परमा बाँधिएका हुन्छन् । प्रभुत्वले हरेक सामाजिक समूहमा विद्यमान विचार धारालाई परस्परमा सम्बद्ध तुल्याई समाजनिर्माणको प्रक्रियालाई ठोस आकार प्रदान गर्दछ । सांस्कृतिक अध्ययनका सन्दर्भमा प्रभुत्व सामाजिक

संरचनामा रहेका विविधताको परिभाषा, तत्सम्बन्धी विचारधारा, अभ्यास तथा सत्तासम्बन्धमा आधारित हुन्छ ( बार्कर, सन् २००४, पृ. ८४) । प्रस्तुत "पागल" कविता नेपाली सामाजिक संरचनामा विभेद र दमनकारी सत्ताको वर्चस्वका विरुद्ध सशक्त प्रतिकारको अभिव्यञ्जन भएको कविता हो । यस कवितामा प्रभुत्वको प्रक्रिया कुन रूपमाभएको छ भन्ने सन्दर्भ तलको सन्दर्भमा विवेचना भएको छ ।

**पागल कवितामा प्रभुत्व**

प्रस्तुत पागल कविता सामन्तवादी समाजव्यवस्था र त्यसले उत्पादन गरेको विचारधारात्मक दमन विरुद्ध प्रतिरोधको प्रस्तुति भएको कविता हो । प्रस्तुत कवितामा दमनकारी प्रभुत्व स्थापना गर्ने शैली अवलम्बन गर्ने सत्ताको नीति र त्यसका कारण सीमान्त समूहको आवाजलाई दमन गर्ने परिस्थितिको निर्माण नै यस कविताले प्रस्तुत गर्ने प्रभुत्वको विषय हो । सत्ताले विचारधारात्मक अङ्गको प्रयोग गरी दमनकारी प्रभुत्व स्थापित गर्ने नीतिका कारण उत्पन्न विभेदपूर्ण परिस्थिति र दमनमा परेका सीमान्तको आवाज प्रभुत्वका सामु निरीह रहेको विषय निम्नलिखित कवितांशमा भएको छ :

फूलझैँ एक किसिमका चकोर-फूल !
म बोल्दछु तिनसँग, जस्तो बोल्दछ तीमसँग
एक भाषा, साथी !
जो लेखिन्न, छापिन्न, बोलिन्न,
बुझाइन्न, सुनाइन्न !
जुनेलीगङ्गा-किनार छालआउँछ तिनको भाषा
साथी ! छालछाल ! (देवकोटा, २०७६, पृ. १२३-१२४) ।

प्रस्तुत कवितांशले विचारधारात्मक दमनका कारण सीमान्त समूहको आवाज दमनमा परेको तथा तिनमा रहेको प्रतिरोधको चेतना सत्ताको विचारधाराका कारण निरीह र दमनमा परेको विषयलाई प्रस्तुत गरेको छ । शक्तिको आडमा स्वयम्लाई सत्ता परस्त मान्ने कथित उच्च वर्गको निम्न वर्गप्रतिको दृष्टिकोण नै विभेदकारी रहेको तथा निम्न वर्गको आवाजको कुनै मूल्य नरहने सामाजिक संरचना तथा त्यसको विभेदकारी प्रभुत्व कविताका निम्नलिखित पङ्क्तिगुच्छमा भएको छ :

तिमी चतुर छौ वाचाल
तिम्रो शुद्ध गणित-सूत्र हरहमेशाचलिरहेको छ
मेरो गणितमा एक बाट एक झिक
एकै बाँकी रहन्छ ! (ऐजन, पृ. १२४) ।

समाजका अग्रद्रष्टा तथा तिनमा रहेको सामाजिक चेतनालाई दमन गरी विचारधारात्मक रूपले सत्ताका विचारधारालाई शक्तिशाली तुल्याउने पक्षधरको विभेदकारी अधिव्यक्ति र कार्यलाई चित्रण गर्ने प्रस्तुत कवितांशले नेपाली समाज र त्यसको दमनकारी प्रभुत्वलाई प्रस्तुत गरेको छ । प्रस्तुत कविताको समाख्याताले सत्ताको विचारधारा र त्यसबाट सिर्जना हुने प्रभुत्वलाई संस्कृतीकरण गर्नका लागि निर्माण भएका भाष्यको बोध किनारीकृतको अन्तश्चेतनामा भए पनि त्यसमाथि दमन गर्नका लागि अख्तियार गर्ने हिंसाको मार्ग कुन रूपमा सामाजिक संरचनाका प्रत्येक एकाइसम्म विस्तारित छ भन्ने विषय यस अंशका माध्यमबाट प्रस्तुत गरेको छ ।

सत्ताको केन्द्रमा रहने तथा शक्तिको दुरुपयोग गरी सीमान्त समुदायमाथि प्रभुत्व स्थापना गर्ने सामाजिक, सांस्कृतिक, राजनैतिक र विचारधारात्मक दमनका कारण सीमान्त आवाज प्रतिरोधपूर्ण बनेको तथा यसको संस्कृतीकरणका लागि सत्ताले सहमतीय नभई दमनको मार्ग अवलम्बन गरेको सन्दर्भ निम्नलिखित कवितांशमा प्रस्तुत भएको छ :

> म अन्धालाई दुनियाँको अगुवा देख्दछु,
> गुफ-तपश्वीलाई भगुवा देख्दछु
> मिथ्याका मञ्च चढेकालाई
> काला नटुवा देख्दछु !
> विफललाई सफल देख्दछु !
> प्रगतिलाई अगति देख्दछु !
> या हुँला मै ऐँचातान !
> या हुँला मै दीवाना !
> साथी ! मै दीवाना ! (ऐजन, पृ. १२६) ।

सत्ताले कानुनी र विचारधारात्मक अङ्गको उपयोग गरी स्थापित गरेको प्रभुत्वशाली वर्ग अर्थात् सत्ताशक्तिशाली तर अमूक छ । सीमान्त समूहको अवस्था र वास्तविकतालाई बोध गर्ने क्षमता भएको अपाङ्ग सत्ताको सोच, श्रवण र दृष्टिहीन बनेपछि दमनमा रूपान्तर भएको सन्दर्भ यस कवितांशमा प्रस्तुत भएको छ । यस कवितांशमा सत्ताको ज्ञानलाई निसर्त स्वीकार गरी तिनको स्तुति गाउँदै आवाजविहीन समुदायमाथि शोषण, हिंसा र विभेदलाई संस्थागत गर्ने समूह समाज र समुदाय पक्षधर नभई सत्तापरस्त ज्ञानका अन्धभक्तका कारण सामाजिक संरचनामा सत्ता र किनाराको सिर्जना भएको विषय प्रस्तुत भएको छ । सत्ता र यसले उत्पादन गरेको ज्ञानपश्चगामी समाज निर्माणको कारक रहेको विषयलाई प्रस्तुत गर्ने यस कवितामा परम्परागत सत्ताको ज्ञानका कारण मनमा परेका सीमान्त समुदाय दमनकारी प्रभुत्वलाई आत्मसात गर्न बाध्य रहेको भाष्य प्रस्तुत भएको छ भने यस कृतिले प्रतिबिम्बन गरेको सत्तासम्बन्ध सामन्तवादी विचारधाराका आधीन नागरिकको जीवनसँग सम्बन्धित रहेको छ ।

**पागल कवितामा सत्तासम्बन्ध**

सत्तासम्बन्ध प्रभुत्वका आधारमा केन्द्र र किनारा बीचको सम्बन्धलाई व्याख्या गर्ने सिद्धान्त हो । सत्तासम्बन्धमा नवविकास इतिहासमा पारिवारिक संरचना, समूह, समूदाय, वर्ग, जातिको मार्गबाट समाजमा विकाससँगै स्थापित भएको विषय हो । सत्तादमनकारी र विचाधारात्मक अङ्कका माध्यमबाट प्रभुत्व स्थापित गर्ने एकाइ हो । सत्ता सामाजिक संरचनामा शक्ति र सत्तासम्बन्धका आधारमा प्रभुत्व स्थापित गर्ने सामाजिक समूहको पारस्परिक सम्बन्ध तथा त्यसको प्राप्ति प्रक्रियासँग सम्बन्धित रहन्छ (बार्कर, २००२, पृ. ८४) । सामाजिक संरचनामा सत्तालाई वैधानिकता दिने मुख्य माध्यम नै प्रभुत्व हो । सामाजिक संरचनामा सत्ता केन्द्रमा रहने प्रभुत्वशाली वर्गले न्यायिक, प्रशासनिक र दण्डनीतिलाई कार्यान्वयन गर्ने एकाइका साथै विचारधारात्मक संस्कृति निर्माणसँग सम्बन्धित ज्ञानको उत्पादनका लागि नियुक्त गर्ने बुद्धिजीवी, शिक्षालय, धार्मिक संस्था र सत्तापरस्त नागरिक समाजको समर्थनबाट प्राप्त वैधानिकता हो । सत्ता सामाजिक संरचनामा वर्चस्वशाली र अधिनस्थ बीचको सम्बन्धबाट निर्धारण हुने विषय हो (क्यानिङ, सन् २००१, पृ. ३११) । समाजमा प्रभुत्वशाली समूहले कानुनी र

विचारधारात्मक अङ्गका सहायतामा किनारामा रहेका समूहमाथि दमन र सहमतिका आधारमा प्रभुत्व स्थापित गर्ने प्रयोजन सत्ता हो । सत्ता व्यक्तिवा समूहमाथि एकै व्यक्तिवा समूहले बलप्रयोग वा नियन्त्रण गर्ने प्रणाली हो (एडगर र सेडबिक, सन् २००४, पृ. ३०४) । सत्तासैद्धान्तिक रूपमा सत्ताइतरका सीमान्त समुदायमाथि प्रभुत्व स्थापना गरी नियन्त्रण र अधीनस्थ तुल्याउने माध्यम हो । समाजमा सत्तामा रहने समूहवा समुदाय र सत्ताबाहिर रहेका समूह बीचको दमनकारी, सहमतीय वा द्वन्द्वात्मक सम्बन्ध नै सत्तासम्बन्ध हो । सांस्कृतिक अध्ययनका सन्दर्भमा सत्ता सामाजिक संरचनामा आफ्नो योग्यता स्थापना, अस्तित्व कायम र शक्तिमा आउने माध्यम हो (क्यानिङ, सन् २००१, पृ. ३११) । राज्यले आमनागरिकमाथि विचारधारात्मक दमन गर्ने उद्देश्यबाट प्रेरित ज्ञान र त्यसको प्रतिकार प्रस्तुत भएको यस कवितामा सत्ता र अधिनस्थ समूहको सम्बन्ध निम्नलिखित कवितांशले पुष्टि गर्दछन् :

> तिम्रा महापण्डित, मेरो महामूर्ख !
> तिम्रो स्वर्ग, मेरो नरक !
> तिम्रो सून, मेरो फलाम !
> साथी ! तिम्रो धर्म मेरो पाप !
> जहाँ तिमी आफुलाई चालक सम्झन्छौ,
> उहाँ म देख्छु तिमीलाई बिल्कुल लाटा !
> तिम्रो उन्नति, मेरो अवनति,
> यस्तै छ मोल मोलाइको उलट-पलट (देवकोटा, २०७६, पृ. १२६) ।

प्रस्तुत कवितांशमा सत्ता र सत्ताको विचारधारात्मक प्रतिनिधित्व गर्ने सत्तापरस्त बुद्धिजीवी तथा सीमान्त समूहको प्रतिनिधित्व गर्ने समाख्याताले दमककारी र विभेदपूर्ण सत्तासम्बन्ध प्रस्तुत गरेको छ । प्रस्तुत कवितांशमा सत्ताको प्रतिनिधित्व राज्य र राज्यका कानुनी र विचारधारात्मक अङ्ग हो भने अधिनस्थ समूहमा आम नागरिक र तिनका प्रतिनिधि हुन् । स्वतन्त्रता, समानता र नागरिक अधिकारलाई सर्वोच्च मानी सत्ता र अधीनस्थ समूह बीचको सत्तासम्बन्धलाई सहमतीय पद्धति अनुरूप सञ्चालन गर्ने समाज व्यवस्थाको परिकल्पना गर्ने शासकको शासितप्रतिको हिंसात्मक र विभेदपूर्ण प्रस्तुत कविताका निम्नलिखित पङ्क्तिगुच्छमा भएको छ :

> जब निमुखा दुनियाँ कालो जहर पिउँदछ,
> पिउँछ कानले,
> र अमृत भनिठानेर,
> र मेरा आँखा अगाडि, साथी !
> तब हुन्छन् ठाडा मेरा रौ, रौ
> गर्गनका सर्पकेश झैं, मेरा जिस्क्याइएका
> रौ, रौ !
> साथी
> तिम्रो विश्व, मेरो बाल !
> जरूर साथी ! म विल्कुलचन्द्राहत छु

चन्द्राहत,
यस्तै छ मेरो हाल ! (ऐजन, पृ. १२६) ।

प्रस्तुत 'पागल' कविताका उपर्युक्त पङ्क्ति गुच्छले नेपाली समाजमा विद्यमान असमान आर्थिक वितरणबाट सृजित वर्गीय स्वरूप तथा पूँजीपति सामन्तवादी वर्गको दमनका कारण निर्माण भएको द्वन्द्वात्मकता र प्रतिरोधपूर्ण अवस्थाद्योतक सत्तासम्बन्ध प्रस्तुत गरेको छ । सामाजिक संरचनामा प्रभुत्व र सत्तासम्बन्धका दृष्टिले सामन्तवादी समाजव्यवस्था र त्यसको ज्ञानका कारण विभेदमा परेका आम नागरिकको उत्पीडित अवस्थालाई प्रस्तुत गर्ने 'पागल' कविता उत्पीडनको आवाज मुखरित भएको प्रतिरोधपूर्ण भाषिक सङ्कथन हो ।

**पागल कवितामा प्रतिरोध**

उत्पीडन र प्रतिरोध सत्तासँगसिधै जोडिएका विषय हुन् । उत्पीडन सत्ताद्वारा उत्पीडित वर्गमाथि गरिने दमनको अवस्था हो भने प्रतिरोध विद्रोहको अवस्था हो । सामाजिक संरचनामा वर्गीय संस्कृतिमाथिको प्रभुत्व सामन्तवादी तथा महिलामाथि हुने दमनपितृसत्तात्मक हुन्छ । सामाजिक संरचनामा प्रतिरोध प्रभुत्वको विचारधारासँगै जोडिएर आउने विषय हो । प्रतिरोधको अभिप्रायसत्ताधारी वर्गले उत्पीडित वर्गमाथि वैचारिक रूपमा गर्ने दमनविरुद्ध प्रस्तुत हुने सीमान्त समूहको द्वन्द्वात्मक चेतना हो (ग्राम्सी, सन् १९७१, पृ. २४५) । प्रभुत्व विरोधी विचारका रूपमा प्रतिरोध सामाजिक शोषण, विभेद, हिंसा र विभेदका विरुद्ध उपस्थित हुने अभिव्यक्ति वा कार्यको अवस्थिति हो । प्रतिरोध सत्तासँगको द्वन्द्वात्मक सम्बन्धबाट निर्माण हुने भएकाले सत्ताविरोधी मौखिक, लिखित, भौतिक तथा अभिव्यक्तिगत सङ्घर्षका माध्यमबाट प्रस्तुत हुने गर्दछ । परम्परागत सत्ता र त्यसको विचारधारात्मक संस्कृति विरोधी द्वन्द्वात्मक सम्बन्ध र सङ्घर्षलाई सांस्कृतिक स्वरूप दिने विषय भएकाले यो एक दृष्टिले प्रतिप्रभुत्वशाली संस्कृति निर्माणको आधार पनि हो । सीमान्तीकृतका अध्येताका दृष्टिमा प्रतिरोध बौद्धिक, राजनैतिक, नैतिक र मानवतावादीजस्ता विषयहरूमा विस्तारित छ (लुल, सन् १९९५, पृ. १) । सामाजिक संरचनामा प्रभुत्वशालीशक्ति र सत्ताको ज्ञानका विरुद्ध किनाराका आवाज प्रस्तुत हुनु वा विद्रोहको विषय प्रतिरोधको आधार हो । साहित्यिक कृतिमा प्रतिरोधको प्रस्तुति भाषाका माध्यमबाट हुनेगर्दछ ।

प्रस्तुत 'पागल' कविता यथास्थितिवादी प्रतिगामी सामाजिक संरचना र त्यसले उत्पादन गरेको ज्ञानका कारण उत्पीडित बनेका नागरिकको आवाज मुखरित भएको कृति हो । समाजलाई नेतृत्व दिई सत्तापरस्त बुद्धिजीवी र त्यसको अन्तर्यमा सीमान्त समूहमाथिको दमन विरुद्ध अभिव्यक्त यस कविताका निम्नलिखित पङ्क्ति व्याख्येय छन् :

निर्लज्ज नेतृत्वको नीरस रसनाको
रण्डीको नाच हेर !
जन-अधिकारको डँडाल्नोको भाँच हेर !
जब भँगेरा-टाउके छापाको कालो मिथ्याले
मेरो विवेक-वीरलाई
जाली भ‍ूठले लल्कार्छ
तब हुन्छन् मेरा गाला राता साथी ! (देवकोटा, २०७६, पृ. १२६-१२७) ।

प्रस्तुत कविताांशमा सत्ताको वास्तविक स्वरूपका माध्यमबाट नेपाली समाजको विभेदकारी वस्तुता तथा त्यसप्रतिको प्रतिरोध प्रस्तुत भएको छ। प्रतिरोध चेतनाभएका बुद्धिजीवीलाई विचारधारात्मक दमन गरी सत्ताको वैधतालाई शक्तिशाली तुल्याउने सामाजिक संरचनाका सत्तासीनको वास्तविकतालाई किनारीकृत समूहको विचारात्मक प्रतिरोध प्रस्तुत गर्ने यस कविताांशमा नेपाली समाजमा विद्यमान असमानता तथा सीमान्त समुदाय विरोधी प्रशासनिक, कानुनी र सांस्कृतिक विधानको भर्त्सना भएको छ। सत्तासुख र त्यसको विचाधारात्मक केन्द्रमा स्थापित हुने मानसिकताका कारण समाजविभेद र विखण्डनतर्फ अभिमुन भएको सन्दर्भलाई सन्दर्भित गर्ने कथित उच्च वर्गको संस्कृतिविहीनताका कारण नेपाली समाजमा सांस्कृतिक क्रान्तिको आवश्यकतासहितको प्रतिरोध कविताका निम्नलिखित अंशमा अभिव्यक्त भएको छ :

> अनि,
> प्रकोपको लाल-लालआँखाका डल्ला,
> फनक्क घुमाएर एक डबलले, म
> यो अमानवको मानवजगत्लाई,
> एक आगोको लप्काले झैं हेर्दछु, साथी !
> उफ्रिन्छन् मेरा कलपूर्जा,
> खलबल, खलबल !
> तूफान हुन्छ मेरो सास !
> विकृत हुन्छ मेरो चेहरा !
> बन्दछ मेरो दिमाग, साथी !
> वडवानलझैं वडवानलझैं !
> म वनखाने आगोझैं बहुला हुन्छु ! (ऐजन, पृ. १२७-१२८)।

समाज र सामाजिक संस्कृति निर्माणमा सत्ता र यसका अङ्गको मात्र उपस्थिति पर्याप्त छ भन्ने ज्ञानबाट वशीभूत भएको वर्गको नेतृत्वमा रहेको सत्ताबाट सीमान्त समुदायले केही प्राप्त गर्न नसक्ने दृष्टान्त प्रस्तुत कविताांशको अन्तर्वस्तु हो। समाजमा विद्यमान असमानता र विभेदका कारण सत्ताशक्तिशाली बन्दै जानु तथा सीमान्त समूहमाथिको दमनले नयाँ सांस्कृतिक स्वरूप प्राप्त गर्नु परिवर्तित समाजको गतिशीलतामाथिको चुनौति रहेको तथ्य प्रस्तुत गर्ने समाख्याताले सांस्कृतिक विभेदसिर्जना गर्ने सीमित कथित बुद्धिजीवीको चिन्तनका पछाडि लागेर असङ्ख्य सीमान्तको आवाजलाई दमन गर्ने सत्ताको अभिमतमाथि प्रहार गरेको छ। सीमान्त समुदायका आवाजलाई दमन गरी सत्तालाई वैधता दिने विचाधारात्मक संस्कृति विरुद्ध सशक्त प्रतिकार प्रस्तुत भएको यस कवितामा सीमान्त आवाज प्रस्तुत गर्नुको प्रयोजन समेत निर्दिष्ट रहेको छ।

### पागल कवितामा सीमान्त आवाज प्रस्तुतिको प्रयोजन

सीमान्तीय आवाज सत्ताभन्दाबाहिर रहेका समूह, समूदाय तथा संस्कृति र सत्तामा रहेका संरचनाको विचारधारा बीचको द्वन्द्वात्मक सम्बन्धबाट निर्माण र निर्धारण हुने विषय हो। मूलभूत रूपमाया राजनैतिक विषय हो। राजनीतिको सामाजिकीकरणका प्रक्रियामा सत्ताको केन्द्रभन्दा पर रहेका संस्कृति र तिनको पहिचानका लागि उठ्ने आवाज यसको अन्तर्वस्तु हो। सीमान्तको आवाज सीमान्तीय समूहले प्रस्तुत गर्न नसक्ने भएकाले समाजका बौद्धिक वर्गले तिनका आवाज र इतिहासलाई प्रकाशमा ल्याउनु पर्दछ (स्पीभाक, सन् १९९४, पृ. ८२)। सीमान्त

आवाजको प्रस्तुतिका लागि महत्त्वपूर्ण भूमिका समाजको बुद्धिजीवीको हो । समाजका सचेत, शिक्षित र बुद्धिजीवीका विचार सीमान्तमैत्री हुनुपर्दछ भन्ने अवधारणा स्पीभाकको हो । समाजमा बुद्धिजीवी र सचेत नागरिकले सीमान्त समूहको प्रतिनिधित्व गरी तिनको आवाजलाई सत्तासम्म पुऱ्याउनु पर्दछ । कलमजीवीले प्रतिनिधित्वको प्रक्रियामा सीमान्तको आवाज सत्तासम्म पुऱ्याउनुका साथै तिनको भूमिका प्रतिपक्षीको हुनुपर्दछ (शर्मा, २०७०, पृ.३१८) । प्रस्तुत पागल कविता सीमान्तको आवाज प्रस्तुत भएको कृति हो । नेपाली समाज र यसको संरचनात्मक स्वरूप असमान तथा परम्परागत सामन्तवाद, पुँजीवाद, पितृसत्तात्मक, हिन्दू अध्यात्मवादी जातीयता तथा धार्मिक विचारधाराबाट अनुप्राणित छ । प्रस्तुत कविताको समाख्याताले कवितामा स्वकथनात्मक ढाँचामा परम्परित सत्ता र त्यसले उत्पादन गरेको ज्ञानका विरुद्धमा विद्रोह तथा समाज र सत्तानिर्माणका लागि अनिवार्य मानिने किनारीकृत समूहमाथि हुने दमनका विरुद्ध शक्तिशाली प्रतिरोध प्रस्तुत गरेको छ । प्रस्तुत कविताको समाख्याताको निम्नलिखित उद्गारमा सीमान्त आवाज प्रस्तुतिको कारण स्पष्ट हुन्छ :

जब बाघले मृग खान आँटेको देख्छु साथी !
या ठूलो माछाले सानो,
तब मेरा मकाएका हड्डीमा पनि दधीचिको आत्माको
भयङ्कर बल पसेर, बोल्नखोज्दछ साथी !
स्वर्गबाट चटचाङ परेको दिनभैंm
जब मानवले मानवलाई मानव ठान्दैन, साथी !
तब कडकडाउँछन् मेरा बत्तीस दन्ते बङ्गारा,
दुबै !
जस्तो भीमसेनका दाँत ! (देवकोटा, २०७६, पृ. १२७) ।

समाजमा अनेक प्रकारका असमानता छन् । ती असमानताका बीच समाजलाई गतिशीलता दिनका लागि सत्ता र यसका गतिविधिमा हुने असमानता, हिंसा, विभेद र वञ्चितीकरणका अनेकौं दमनकारी भाष्य, ज्ञान र तिनको प्रयोग भए पनि समग्र सामाजिक विकासका लागि सांस्कृतिक सहअस्तित्व अस्वीकार गर्ने केन्द्रको विचारधारा रहेको विषय प्रस्तुत कवितांशमा अभिव्यक्त भएको छ । समाज सबै वर्ग, जाति, लिङ्ग, भूगोल, भाषा, संस्कृतिको समान प्रतिनिधित्व र सहअस्तित्वबाट निर्माण हुने एकाइ हो, सत्ताका आडमा सीमान्त समूहको अस्तित्वलाई अस्वीकार गरी दमन गर्ने संस्कृति विरुद्ध सशक्त प्रतिकार गर्नु पर्ने अवस्था सिर्जना गर्ने दमनकारी प्रक्रिया अवलम्बन गरिनु प्रतिको विद्रोह प्रस्तुत भएको यस कवितामा व्यक्तिगत स्वतन्त्रतामाथिको आक्रमण र सहअस्तित्वको परिहार सीमान्त आवाज प्रस्तुतिको कारण बनेको छ ।

## निष्कर्ष

प्रस्तुत "पागल" २०१३ सालमा इन्द्रेणी पत्रिकामा प्रथमपटक प्रकाशित भई *लक्ष्मी कविता सङ्ग्रह* (२०३९) मा पुस्तकमा समावेश भएको कविता हो । सामाजिक संरचनामा विद्यमान विभेद, वञ्चितीकरण र मानवीय हिंसाको उत्कर्षका कारण उत्पन्न दमनविरोधी विषय अन्तर्वस्तुका रूपमा चयन गर्ने प्रस्तुत कविता व्यङ्ग्य, विद्रोह र किनारीकृत समुदायको प्रतिनिधि आवाज हो । सामन्तवादी व्यवस्थालाई पृष्ठपोषण गरी आफ्नो निहित स्वार्थ पूरा गर्न अभिमुख बनेको बौद्धिक जगत् तथा त्यसले उत्पादन गरेको ज्ञानलाई निशर्तः समर्थन गर्ने शासकीय वृत्तिका

कारण सिर्जना भएका हिंसा र वञ्चितीकरणको प्रस्तुति यस कवितामा भएको छ । प्रस्तुत कवितामा सामन्तवादी विचारधारा अनुप्राणित सामाजिक संरचनामा किनरीकृत समुदायमाथि दमनकारी नीति अवलम्बन गर्ने सत्ता तथा सत्ताले अख्तियार गरेको नीति सान्दर्भिक र उचित छ भन्ने बुद्धिजीवीको समर्थनबाट टाक्सिएको सत्ता र यसका समर्थक समूहका कारण द्वन्द्वात्मक सत्तासम्बन्ध र प्रभुत्वको प्रस्तुति भएको छ । सीमान्त आवाज विहीन हुन् । आवाज विहीनको आवाजको प्रतिनिधित्वलाई सांस्कृतिक रूप दिने प्रस्तुत कविता समाजमा विद्यमान हरेक प्रकारका असमानता र विभेद विरुद्धको सशक्त आवाज हो । सारतः पागल कविता सत्ताले विभेदकारी भाष्यको निर्माण गरी दमन गर्ने सांस्कृतिक विधान विरुद्ध काव्यिक भाष्यका माध्यमबाट समाज, यसको विचारधारात्मक संस्कृति हिंसा, दमन, शोषण, विभेद, वञ्चितीकरणमा परेका र पारिएका सीमान्त समुदायको प्रतिकारपूर्ण सन्देश प्रस्तुत गर्ने कविता रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भसामग्री

गौतम, कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद,* भृकुटी एकेडेमिक पब्लिकेसन प्रा. लि. ।

चापागाईं, निनु (२०७३), *पूर्ववाद र सइदेली विचार,* साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०४८), *देवकोटाका प्रमुख कविता कृतिको कालक्रमिक विवेचना,* सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

त्रिपाठी, वासुदेव. र अन्य (सम्पा.), (२०४६). *नेपाली कविता भाग-४,* साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७६). *लक्ष्मी कवितासङ्ग्रह.* (सातौं संस्क.), साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७०).“मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाज शास्त्र”. *भृकुटी,* पूर्णाङ्क - १९, पृ. ३१४- ३२४ ।

बन्धु, चूडामणि (२०३६), *देवकोटा,* साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७२), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* साझा प्रकाशन ।

रेग्मी, रेखा (२०८०), “पागल कवितामा रसविधान”, *सहयात्रा* ६(१), पृ. १४७-१६० ।

शर्मा, मोहनराज (२०७०). “अवरजन अध्ययन र साहित्य”, *भृकुटी,* पूर्णाङ्क - १९ पृ. ३१४- ३२४ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

Abrams, M. H. (1999). *A glossary of Literary term* (7th ed.), Heinel and Heinel.

Barker, Chris (2002). *Making Sense of Cultural Study*, Sage Publication.

Barker, Chris (2004). *The Sage Dictionary of Cultural Studies*, Sage Publication.

Canning, Peter (2001). "Representation". *Encyclopedia of Postmodernism*, Routledge Tayler &Francies Group.

Edgar, Andrew & Peter Sedgwick (2004). *Cultural Theory*, Routledge Tayler & Francies Group.

Gramsci, A. (1971). *Selections from the Prison Notebook,* (Eds.) Q. Hoare & G. Nowell-Smith, Lawrence & Wishart.

Gramsci, A. (2006). "(i) History of the subaltern classes (ii) the concept of ideology; (iii) cultural themes: Ideological material". [In Gigi, Minakshi Durham & Kellner (eds.). *Media & Cultural Studies*, Blackwell Publishing.

Lull, J. (1995). *Media, Communication & Culture: A Global Approach,* Columbia University Press.

Spivak, G. C. (1994). "Can the subaltern speak?". in *Colonial Discourse & post-colonial Theory,* Patrick Williams, Laura Chrisman (Edt.), Routledge. P 66-111. https://doi.org/10.4324/9781315656496

Williams, R. (1976). *Key Words: A Vocabulary of Culture and Society*. New York: Oxford University Press.